# लेखक/सम्पादक परिचय

**अमृत योन्जन-तामाङ** भाषिक अभियन्ता हुन् । उनी मातृभाषा, मातृभाषामा शिक्षा र तामाङका विषयमा अध्ययन, अनुसन्धान गर्छन् । यी विषयमा उनका तीन दर्जन जति पुस्तक प्रकाशित छन् ।

स्वतन्त्र अनुसन्धाता **अर्जुन पन्थी** इतिहास अध्ययनमा रुचि राख्छन् । उनको सह-सम्पादनमा *नेपाली म्यागेजिनका २५ वर्ष* (२०७०) र सह-लेखनमा *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (२०६७) र मिडिया सम्बन्धी विभिन्न लेख प्रकाशित छन् ।

**कमलदेव भट्टराई** पत्रकार हुन् । उनी सन् २०१० देखि सन् २०१८ सम्म द *काठमाडौँ पोष्टसँग* आबद्ध थिए । मिडिया, राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय मामला उनको रुचिका क्षेत्र हुन् । उनी *संक्रमणकाल : १२ बुँदेदेखि भारतीय नाकाबन्दी* (२०७२) पुस्तकका लेखक हुन् ।

स्वतन्त्र अनुसन्धाता **कैलाश राई**को लेखनमा *आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन* (२०७४) र सम्पादनमा *पहिचानको खोजी : आदिवासी जनजाति महिलाका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ (२०१६–२०७३)* [२०७३] पुस्तक प्रकाशित छन् । लैंगिकता, समावेशीकरण र सामाजिक न्याय जस्ता विषयमा विभिन्न जर्नल, पुस्तक र पत्रपत्रिकाहरूमा उनका लेखहरू छापिएका छन् ।

**कोमल भट्ट** विकास सञ्चारबारे अध्ययन अनुसन्धानमा रुचि राख्छन् । उनको सह-लेखन र सह-सम्पादनमा छ ओटा पुस्तक र मिडिया सम्बन्धी विभिन्न अनुसन्धानात्मक लेखहरू प्रकाशित छन् । विगतमा उनले मार्टिन चौतारी, एन्टेना फाउण्डेशन नेपाल, हेल्भेटास नेपाल, संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) मा विभिन्न जिम्मेवारीमा काम गरेका थिए ।

**चूडामणि बस्नेत** नयाँ दिल्लीस्थित साउथ एसियन युनिभर्सिटीमा समाजशास्त्र पढाउँछन् । इतिहास, अर्थतन्त्र, राजनीति र धर्म उनको रुचिको विषय हो । बस्नेतका प्राज्ञिक लेखहरू नेपाल र विदेशबाट प्रकाशन हुने विभिन्न जर्नलमा प्रकाशित छन् ।

**जीवन क्षेत्री** प्याथोलोजिस्ट हुन् । उनी विविध समसामयिक विषयमा पत्रपत्रिकामा नियमित स्तम्भ लेख्छन् । नेपालमा सुशासनको अवस्थाबारे उनले जर्नल एवं पुस्तकमा अनुसन्धानात्मक लेख लेखेका छन् ।

डेढ दशकदेखि दलित एवं सीमान्तकृत समुदायबारे अध्ययन र लेखनमा सक्रिय **जेबी विश्वकर्मा**को *नेपाली मिडियामा दलित : सहभागिता र विषयवस्तु* (२०६९) पुस्तक प्रकाशित छ । साथै, उनले विभिन्न जर्नल, पुस्तक, म्यागेजिन र पत्रपत्रिकामा लेखहरू लेखेका छन् । विश्वकर्मा हाल ज्ञान उत्पादनका क्षेत्रमा क्रियाशील संस्था डिग्निटी इनिसियटिभमा आबद्ध छन् ।

आख्यान र गैरआख्यान दुवै विधामा नियमित कलम चलाउने **दुर्गा कार्की**का लेखन मूलत: युवा र महिलाका मुद्दामा केन्द्रित हुन्छन् । उनी हाल संघीयता कार्यान्वयन र स्थानीय सरकारको सुदृढीकरणको क्षेत्रमा कार्यरत छिन् । *कुमारी प्रश्नहरू* (२०७६) कथा संग्रह उनको पहिलो पुस्तकाकार कृति हो ।

**देवराज हुमागाईं** मार्टिन चौतारीमा आबद्ध अनुसन्धाता हुन् । नेपाली मिडियाका विविध पक्षमाथि लामो समयदेखि अनुसन्धान गर्दैआएका उनी प्राज्ञिक अनुसन्धानको पूर्वाधार र नागरिक संघ-संगठन सम्बन्धी नीतिगत पक्ष बारेको अध्ययनमा पनि रुचि राख्छन् । उनी *समाज अध्ययन* जर्नलका सम्पादक हुन् ।

मार्टिन चौतारीका अनुसन्धाता **देवेन्द्र उप्रेती**को सह-लेखनमा द *स्टेट अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी : टिचिङ एण्ड रिसर्च इन नेपाल* (सन् २०१४) र *नेपालका सामुदायिक*

*विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* (२०७६) प्रकाशित छन् । उप्रेतीले उच्च शिक्षा, विधा अध्ययन र प्राज्ञिक संस्थाबारे कलम चलाउँदै आएका छन् । उनी *समाज अध्ययन* जर्नलका सम्पादक हुन् ।

प्रविधि र समाज बीचको अन्तर्सम्बन्धबारे अध्ययनमा रुचि राख्ने **निश्चल रेग्मी** स्वतन्त्र अनुसन्धाता हुन् । सूचना प्रविधि सम्बन्धी नीति, पूर्वाधार र उर्जा-आवश्यकता, आदि विषयमा उनका लेख प्रकाशित छन् । उनी केही अघिसम्म मार्टिन चौतारीमा अनुसन्धाता र त्यसअघि नेपाल इन्जिनियरिङ कलेजमा सहायक-प्राध्यापकका रूपमा कार्यरत थिए ।

**प्रणब खरेल** डिसेम्बर २००८ देखि फेब्रुअरी २०१५ सम्म द *काठमाडौँ पोष्ट*मा आबद्ध थिए । उनी राष्ट्रिय राजनीति, मिडिया, नागरिक समाज, बसाइँ-सराइ, विधा इतिहास र कानूनमा रुचि राख्छन् । यिनै विषयबारे काठमाडौँबाट प्रकाशन हुने विभिन्न राष्ट्रिय दैनिकमा नियमित लेख्छन् ।

मार्टिन चौतारीका अनुसन्धान निर्देशक **प्रत्यूष वन्त**को लेखन/सम्पादनमा २० भन्दा बढी पुस्तक प्रकाशित छन् । नेपाली राष्ट्रियता, संस्था, एरिया स्टडिज, ज्ञान निर्माणको राजनीति र मिडियाबारे उनका लेख प्रकाशित छन् । उनी *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र *समाज अध्ययन* जर्नलका सम्पादक हुन् ।

**रुख गुरुङ** मार्टिन चौतारीका अनुसन्धाता हुन् । उनी *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* (२०७६) का सह-लेखक हुन् । उनले शिक्षा, प्राकृतिक विपद्, युवाबारे अनुसन्धान गरेका छन् । "युवा" का सह-संस्थापक गुरुङ सन् २००९–२०१२ मा सो संस्थाका अध्यक्ष थिए ।

ऐतिहासिक समाजशास्त्री **लोकरञ्जन पराजुली**को सह-सम्पादनमा आठ पुस्तक प्रकाशित छन् । उनले शिक्षा, सार्वजनिक वृत्त, पुस्तकालय, राजनीति, नागरिक समाज, मिडिया, आदि विषयमा लेखेका छन् । उनी *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र *समाज अध्ययन* जर्नलका सम्पादक हुन् ।

**शैलेश ब. पाण्डे** स्वतन्त्र अनुसन्धाता हुन् । सूचना प्रविधि विकास, सूचना प्रविधिको नीति, उर्जा-आवश्यकता लगायतका विषयमा उनका लेख प्रकाशित छन् । प्रविधि र समाज बीचको अन्तर्सम्बन्धबारे अध्ययनमा उनको रुचि छ । उनी केही अघिसम्म मार्टिन

चौतारीमा अनुसन्धाता र त्यसअघि नेपाल इन्जिनियरिङ कलेजमा सहायक-प्राध्यापकको रूपमा कार्यरत थिए ।

**श्याम कुँवर** "इन्फ्रास्ट्रक्चर्स अफ डेमोक्रेसी" अध्ययन परियोजनामा आबद्ध अनुसन्धाता हुन् । उनी नेपालमा पूर्वाधारको विकास (खास गरी जलविद्युत र सडक), मजदुरको गतिशिलता, भुइँ तहका सामाजिक आन्दोलन, भौगोलिक, सामाजिक तथा राजनीतिक सम्बन्धहरू सम्बन्धी बहु-क्षेत्रगत अध्ययनमा रुचि राख्छन् । कुँवरको एकल तथा सह-लेखनमा पूर्वाधार विकास र पूर्वाधारको अर्थराजनीतिबारे लेख प्रकाशित छन् ।

मार्टिन चौतारीका अनुसन्धाता **सोहन प्रसाद साह**ले विज्ञान तथा प्रविधिका साथै मधेसका विभिन्न मुद्दाबारे कलम चलाएका छन् । उनी विज्ञान, प्रविधि र समाज सँगको अन्तरसम्बन्धबारे अध्ययन-अनुसन्धानमा विशेष रुचि राख्छन् । उनको सह-सम्पादनमा *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* (२०७६) पुस्तक प्रकाशित छ ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आबद्ध मिडिया अनुसन्धाता हुन् । उनको सह-लेखन तथा सह-सम्पादनमा पाँच ओटा पुस्तक प्रकाशित छन् । विकास सञ्चार, नयाँ मिडिया, मिडिया विमर्श, मिडियाको अर्थ-राजनीति, मिडिया नीति/योजना, सञ्चार उद्योगबारे महर्जनका लेख प्रकाशित छन् ।

**हेमन्तराज ओझा** हाल युनिभर्सिटी अफ क्यानबेरा, अष्ट्रेलियामा प्राध्यापन गर्छन् । *जर्नल अफ फरेस्ट एण्ड लिभ्लिहुड्स* र *हाम्रो बन सम्पदा*का संस्थापक सम्पादक ओझा फरेष्ट एक्सनका पूर्व-कार्यकारी संयोजक/अध्यक्ष समेत थिए । साउथ एसिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिजका सह-संस्थापक ओझाका जलवायु परिवर्तन, पानी, वन र वातावरणीय व्यवस्थापन, आदिबारे थुप्रै लेख नेपाल र बाहिरका जर्नलमा प्रकाशित छन् ।